आज मिति २०८१ साल माघ महिनाको ०५ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय : बिहान ११:०० बजे** | **बैठक नं - ३३**

## उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म बहादुर बटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप बोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | सदस्य | |
| १४. | श्री बन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६. | श्री करन नेपाली | सदस्य | |
| १७. | श्री जगत बहादुर दर्जी | सदस्य | |
| १८. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

**आंमन्त्रीत:**

| | | | |
|---|---|---|---|
| १. | रमेशी देवी | लेखापाल | |
| २. | विपिन प्र. भट्टराई | [illegible] | |
| ३. | प्रकाश विष्ट | सचिवालय सहायक | |
| ४. | महेन्द्र बोगटी | अमिन | |

**सहयोगी कर्मचारी**

| | | | |
|---|---|---|---|
| १. | नग बहादुर बुढा | का.स. | |

प्रस्तावहरु

१. सम्झौता तथा कायदिश दिने सम्बन्धमा।

२. अधिकृत छैटौं तहका कर्मचारीको तह कायम गर्ने सम्वन्धमा।

निर्णयहरु

निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार रहगाड झुलुङ्गे पुल निर्माण योजना कार्यान्वय प्रयोजनार्थ उपभोक्ता समिति र गाउँपालिका वीच सम्झौता भएकोमा झुलुङ्गे पुल निर्माणमा प्राविधिक सहयोग गरिरहेको प्रादेशिक सहयोगी संस्था 'प्रदेश सरकारले छनोट गर्न नसकेको र विकास साझेदार निकाय Trail Bridge Support Unit समेत नेपालवाट वाहिरिएको र कालिकोट जिल्लामा झुलुङ्गे पुल सम्वन्धी प्राविधिक सहयोग गर्ने स्थानीय संस्था हुरुन्डेक नेपाल कालिकोट भएता पनि रहगाड झुलुङ्गे पुल Long Span (126 miters) रहेको र सो संस्था संग Long Span Trail Bridge (LSTP) model काम गर्ने प्राविधिक कर्मचारीले समेत नरहेको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायले कुनै पनि व्यक्ति, फर्म, संस्था वा कम्पनी वाट परामर्श सेवा खरिद गर्न सक्नेछन त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) नियम ८३ अनुसार परामर्शको अन्य खरिद विधि सम्बन्धी व्यवस्था अनुसार रु ५ लाख सम्मको परामर्शदाता वा विशेषज्ञता र योग्यताका आधारमा नियुक्ति गर्ने अधिकार कार्यालय प्रमुखले गर्न सक्ने व्यवस्था बमोजिम झुलुङ्गे पुल क्षेत्रमा लामो समय सम्म काम गर्नु भएको श्री राजेश सिंहलाई रहगाड झुलुङ्गे पुल निर्माण कार्य सम्पन्न नहुँदा सम्म झोलुंङ्गे पुलको प्राविधिक पाटो (Estimate Review, Structural Review, Regular Monitoring & Evaluation, Final Billing etc) हेर्ने गरी एकमुष्ट रु ३ लाख दिने गरी सम्झौता गर्ने र सोही सम्झौता वमोजिमको कायदिश दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथी छलफल गर्दा "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा ८ को उपदफा (१) बमोजिम लोकसेवा आयोग वा आयोगबमट सञ्चालित खुला प्रतियोगितात्मक परिक्षाद्धारा छनोट तथा सिफारिस भई स्थानीय तहको अधिकृत छैटौं तहको पदमा नियुक्ति भैसकेका वा स्थानीय तहको अधिकृत छैटौं तहको पदमा खुला प्रतियोगितात्क परिक्षाद्धारा पदपूर्ति गर्नका लागि विज्ञापन भई प्रकृयामा रहेका पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई स्थानीय सेवाको अधिकृतस्तर सातौं तहको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भए अख्तियारवालाले स्थानीय सेवाको अधिकृत स्तर सातौं तह कायम गर्ने व्यवस्था, सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमं जेष्ठता कायम हुने र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८१ को नियम १४ को उपनियम (६) बमोजिम यस गाउँपालिकामा अधिकृतस्तर छैठौं तहमा कार्यरत तपसिलका कर्मचारीहरुको सातौं तहमा कायम गरि पदस्थापन गर्ने निर्णय गरियो।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र. सं. | नाम थर | हालको तह (पद) | तह कायम गरिएको तह | कैफियत |
|---|---|---|---|---|
| १ | निरक कुमार शाह | अधिकृत छैटौं (ईन्जिनियर) | अधिकृतस्तर सातौं (ईन्जिनियर) | |
| २ | दुर्गालाल न्यौपाने | अधिकृत छैटौं (शिक्षा अधिकृत) | अधिकृत स्तर सातौं (वरिष्ट शिक्षा अधिकृत) | |

प्रस्ताव नं १ र २ का निर्णयहरु प्रमाणित गरिन्छ।

युवराज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत